# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, नेपाल, असार ३० गते, २०७८ साल (अतिरिक्ताङ्क ३(घ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

**<u>सुदूरपश्चिम प्रदेश युवा परिषद् (पहिलो संशोधन) (गठन) आदेश, २०७८</u>**

<u>प्रस्तावना:</u> सुदूरपश्चिम प्रदेश युवा परिषद् (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनिय भएकाले,



सुदुरपश्चिम प्रदेश सरकारले यो आदेश बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "सुदूरपश्चिम प्रदेश युवा परिषद् (पहिलो संशोधन) (गठन) आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सुदूरपश्चिम प्रदेश युवा परिषद् (गठन) आदेश, २०७७ को दफा ५ को उपदफा १ को खण्ड (छ) मा संशोधन</u> (१) "सुदूरपश्चिम प्रदेश युवा परिषद् (गठन) आदेश, २०७७" (यसपछि "मूल आदेश" भनिएको) को दफा ५ को उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) युवाको हक, हितको संरक्षणमा योगदान पुर्याएका युवाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा तीन जना महिला सहित आठ जना -सदस्य"

३. <u>मूल आदेशको दफा ५ को उपदफा १ को खण्ड (ज) मा संशोधन</u> (१) मूल आदेशको दफा ५ को उपदफा (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) उद्योग, श्रम, कृषि, खेलकूद, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेको कम्तीमा तीन जना महिला सहित आठ जना -सदस्य"

४. मूल आदेशको दफा ११ को उपदफा (२) मा खण्ड (क१) थप: मूल आदेशको दफा ११ को उपदफा (२) को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ:-

"(क१) स्थानीय तहमा युवा सशक्तिकरणको क्षेत्रमा बिशेष योगदान पुऱ्याएका युवाहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति -उपाध्यक्ष"

५. मूल आदेशको दफा ११ को उपदफा (२) मा खण्ड (क२) थप: मूल आदेशको दफा ११ को उपदफा (२) को खण्ड (क१) पछि देहायको खण्ड (क२) थप गरिएको छ:-

"(क२) स्थानीय तहमा युवा सशक्तिकरणको क्षेत्रमा बिशेष योगदान पुऱ्याएका युवाहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति -कोषाध्यक्ष"

६. मूल आदेशको दफा ११ को उपदफा (३) मा संशोधन: मूल आदेशको दफा ११ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) उपदफा (२) को खण्ड (क१), (क२), (ङ) र (च) बमोजिमका उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य समावेशी सिद्धान्तको आधारमा मनोनीत गर्नु पर्नेछ ।"

७. मूल आदेशको दफा ११ को उपदफा (४) मा संशोधन: मूल आदेशको दफा ११ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:-

"(४) उपदफा (२) खण्ड (क), (क१), (क२),(ङ) र (च) बमोजिमका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यको योग्यता देहाय बमोजिम हुनेछ:-



खण्ड ५) अतिरिक्ताङ्क ३(घ), प्रदेश राजपत्र भाग २ मिति २०७८।०३।३०

(क) नेपाली नागरिक,

(ख) कुनैपनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) युवा सशक्तिकरणको क्षेत्रमा काम गरिरहेको,

(घ) चालीस बर्ष उमेर ननाघेको ।"

८. मूल आदेशको दफा ११ को उपदफा (५) मा संशोधन: मूल आदेशको दफा ११ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ:-

"(५) जिल्ला युवा सशक्तिकरण समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार बर्षको हुनेछ।"

९. मूल आदेशको दफा ११ को उपदफा (६) मा संशोधन: मूल आदेशको दफा ११ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला युवा सशक्तिकरण समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको देखिएमा परिषद्ले त्यस्तो अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।"

१०. मूल आदेशको दफा ११ को उपदफा (८) मा संशोधन: मूल आदेशको दफा ११ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ:-

"(८) जिल्ला युवा सशक्तिकरण समितिका अध्यक्षले सेवा सुविधा वापत मासिक बीस हजार रुपैया पाउनेछन् ।"

११. मूल आदेशमा दफा १२क थप: मूल आदेशको दफा १२ पछि देहायको दफा १२क थप गरिएको छ:-

"१२क. उपाध्यक्ष र कोषाध्यक्षको काम कर्तव्य र अधिकार:

(१) जिल्ला युवा सशक्तिकरण समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्य गर्ने,

(ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) जिल्ला युवा सशक्तिकरण समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) समितिको जिन्सी सामानको जिम्मा लिई अभिलेख राख्ने,

(ख) समितिको लागि आवश्यक पर्ने जिन्सी सामानको व्यवस्थापन र सुरक्षा गर्ने ।"

१२. मूल आदेशको दफा १५ को उपदफा (६) मा संशोधन: मूल आदेशको दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) कोषको खाता संचालन परिषद्को उपाध्यक्ष र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तोकिएको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।"





१३. मूल आदेशको दफा १५ मा उपदफा (७) थप: मूल आदेशको दफा १५ को उपदफा (६) पछि देहायको उपदफा (७) थप गरिएको छ:-

"(७) परिषद्को स्थायी/अस्थायी संगठन संरचना स्वीकृत नभएसम्मका लागि परिषद्ले निर्णय गरी परिषद्को कार्यालय प्रमुख तोक्नेछ ।"

१४. मूल आदेशको दफा १८ को खण्ड (क) मा संशोधन: मूल आदेशको दफा १८ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) बैठक आवश्यकतानुसार बस्नेछ ।

तर दुई बैठक बीचको अन्तर चार महिनाभन्दा बढी हुने छैन ।"

१५. मूल आदेशको दफा १८ को खण्ड (ङ) मा संशोधन: मूल आदेशको दफा १८ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:-

"(ङ) बैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट बरिष्ठ सदस्यले गर्नेछ ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मिति:२०७८।०३।३०

आज्ञाले,
रघुराम बिष्ट
प्रदेश सरकारका सचिव



मुद्रक:आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्य: रु. ५।-